Ltd. No. 13/2049/050


# Taragaon Regency Hotels Ltd.

(Hyatt Regency Kathmandu)

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौको


## २७ औं वार्षिक साधारण सभाको निर्णय माईन्युट

**(१) २७ औं वार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २७ औं वार्षिक साधारण सभा मिति २०८० पौष महिना २४ गते (तदानुसार ०९ जनवरी, २०२४) गते, मंगलबारका दिन नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौमा संचालक श्री उमेश सराफ ज्यूको प्रस्तावमा कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको सभापतित्वमा दिनको ठीक ११:०० बजे शुरु भई ठीक ११:४५ बजे समापन भयो । २७ औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

**(२)उपस्थिति :**

**(अ) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक(**यस सभाको सभापति**) |
| श्री सुरेश राज जोशी | सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री जयादिन श्रेष्ठ | सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

**(आ) व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री विक्रम थापा | कम्पनी सचिव |
| श्रीमती रानी बंग | कर्पोरेट प्रेसिडेण्ट |
| श्री अरेन्द्र ठाकुर | सिनियर मेनेजर एकाउण्ट्स एण्ड फाइनान्स |

**(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल



G.P.O. Box 9609, Bouddha, Kathmandu, Nepal. Tel: 977-1-5171234/4217123, Fax: 977-1-5178379/5178333

| | |
|---|---|
| श्री उमेश सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि.,हङ्गकङ्ग, डोमिनियन इन्भेस्टमेन्ट्स लि., वि.भि.आई, याक एण्ड यति होटल लि. |
| श्री जयादिन श्रेष्ठ | आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा लि., आईसिटिसी प्रा.लि. |
| श्री रश्मी श्रेष्ठ | तारागाउँ विकास समिति |
| श्री सुरेश लाल श्रेष्ठ | हायात इन्टरनेशनल कर्पोरेसन, अमेरिका |
| श्री बि.के अग्रवाल | बि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री पुष्प चन्द्र थापा | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड(वरिष्ठ प्रबन्धक) |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. उपस्थित शेयरधनीहरुको संख्या | **१८३ जना** |
| (क) शेयरधनी स्वयम् | १६८ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत | १५ जना |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | ०.५७३ प्रतिशत |
| ३. शेयरको प्रतिनिधित्व संख्या | **१,५४,१५,९२३** कित्ता |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | **८१.७१** प्रतिशत |

**(उ)** मिति २०८०।०९।२४ को यस साधारण सभामा सहभागी हुन योग्य शेयरधनीहरुको कुल संख्या **३१,८९२** मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

## (३) छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु :

**(क) सामान्य प्रस्तावः**

१) आर्थिक वर्ष २०७९।०८० (२०२२।२०२३) को सञ्चालक समितिको २७ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७९।०८०(२०२२।२०२३) को वित्तिय विवरणहरु - वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

३) आ.व. २०८०।०८१ (२०२३।२०२४) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको मिति २०८०।०८।१६ (तदानुसार डिसेम्बर २, २०२३) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर सहित) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख)विशेष प्रस्ताव**

(१) प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धमा ।

(२) कम्पनीको मिति २०८०।०८।१६ (तदानुसार डिसेम्बर २, २०२३) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ४% वोनश शेयर (कर नगद लाभांशमा समायोजन गर्ने गरी) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग)विविध**

## (४) सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु, २७ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी, वासलात, नाफा तथा नोक्सान विवरण र नगद प्रवाह विवरण सहितका विवरणहरू खुलाई मिति २०८०।०९।०२ र मिति २०८०।०९।०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन, संस्थागत संरचना, लेखापरीक्षकको राय सहितको लेखा प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु सहितको कम्पनीको २७ औं वार्षिक सभाको लागि तयार गरिएको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको **Website www.taragaon.com** मा राखिएको र यसको साथ साथै डिम्याट खातामा ईमेल ठेगाना राख्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई **Email** मार्फत जानकारी गराईएको थियो ।

## (५)गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| **कुल संख्या** | ३१,८९२ | १,८८,६६,५४० |
| शेयरधनी स्वयं उपस्थित | १६८ | १५,१५,२११ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत् | १५ | १,३९,०१,७१२ |
| **जम्मा उपस्थित** | १८३ | १,५४,१६,९२३ |
| **प्रतिनिधित्व प्रतिशत** | ०.५७३% | ८१.७१% |

## (६) सभाको वैधानिकता तथा सभापतित्व :

(क) साधारण सभा शुरू हुनु भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २७ औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत: पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले २७ औं वार्षिक साधारण सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको सभापतित्व संचालक श्री उमेश सराफ ज्यूको प्रस्तावमा कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूले गर्नु भयो ।

## (७) सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, सहयोगी प्राविधिक मित्रहरु, नियामक निकायबाट पाल्नु भएका पदाधिकारीज्यूहरु तथा प्रतिनिधीहरुलाई कम्पनीको २७ औं वार्षिक साधारण सभामा स्वागत गर्दै सभाको काम कारवाहीलाई अगाडि बढाउनु भयो । सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन, कम्पनीको आ.व.२०७९।०८० को लेखापरिक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो।

## (८) छलफलमा सहभागी भएका शेयरधनी महानुभावहरु :

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब, संचालक समितिको वार्षिक प्रतिवेदन र समसामयिक विषयवस्तुहरुमा आफ्नो मन्तव्य, जिज्ञासा, राय तथा सुझाव व्यक्त गर्नु भयो ।

१. श्री ब्यास कुमार शर्मा ज्यू
२. श्री चन्द्र नारायण श्रेष्ठ ज्यू
३. श्री नरसिंह लाल चंखु ज्यू
४. श्री डमरु वल्लभ घिमिरे ज्यू
५. श्री अमिरदास रन्जित ज्यू
६. श्री उत्तम पाठक ज्यू
७. श्री शत्रुघन श्रेष्ठज्यू
८. श्री रोज कुमार श्रेष्ठज्यू

यसका साथै शेयरधनी श्री ब्रह्मदेब शाक्य ज्यू र श्री उद्धव प्रसाद घिमिरेज्यूबाट लिखित रुपमा सल्लाह सुझाव प्राप्त भयो ।

(९) **शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझाव, कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको जवाफी सम्बोधनको मूख्य अंशहरु :**

(क) **शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझावहरु:**

- विगत ५ वर्ष देखि पर्यटन क्षेत्रमा बढी कर तिरेको, उत्कृष्ट लक्जरी होटलको रुपमा पुरस्कृत रहेको, वासलात राम्रो रहेको छ। प्रतिष्पर्धा बढेकोले मार्केटिङ राम्रो गर्नु पर्दछ। दायित्व फछ्र्यौट समय मै गर्नुपर्‍यो। लाभांशको अनुपात १० प्रतिशत र ५ प्रतिशत भएको भए राम्रो हुने थियो।
- वोनश शेयर र लाभांश बितरण गर्ने प्रंशसनीय कार्य हो। १०० कित्तामा ४ कित्ता वोनश शेयर पाउने गरी प्रस्ताव गरेको स्वागत योग्य छ। व्यवस्थापन पक्षको कार्य पनि सराहनिय छ।
- वासलातमा सुधार भएको छ। वोनश शेयर दिएको ठिक छ। व्यापारमा सुधार भएको छ। आर्थिक वर्षको प्रथम चौमासिक अवधिको व्यापार राम्रो देखिएको छ।
- कोरोना समेतका कारणले लाभाशं दिन नसकेकोमा हाल व्यवसायिक कारोवारमा छलाङ्ग मार्दै व्यवसाय राम्रो गरेको छ, वोनश शेयर र नगद लाभाशं प्रदान गरेकोमा धन्यवाद छ। होटल व्यवसाय क्षेत्रमा सबैभन्दा बढी कर तिरेको छ। टुरिष्टहरुलाई राम्रा-राम्रा प्याकेजहरु दिई आकर्षण गर्ने, एयरपोर्ट सम्मको आवागमन नि:शुल्क गरे राम्रो हुन्छ।
- ११ प्रतिशत नगद लाभांश र ४ प्रतिशत वोनश शेयर राम्रो हो। खुद नाफामा वृद्धि हुनु चमत्कार हो। अकुपेन्सी धेरै राम्रो छैन, गत वर्ष ३१ प्रतिशत भएकोमा यस वर्ष ५६ प्रतिशत भएको छ। धेरै होटलहरु खुलेको अवस्थामा प्रतिष्पर्धाको लागि तयार गर्नुपर्छ।
- वोनश र लाभांशको लागि धन्यवाद । पर्यटन क्षेत्रमा होटलको योगदान ठूलो छ । होटलबाट रोजगार सृजना हुन्छ। कर सम्बन्धमा पुरस्कार प्राप्त गरेको हुँदा राम्रो छ।
- यस सभामा सामान्य प्रस्ताव तर्फको प्रस्ताव नं. ४ र विशेष प्रस्ताव तर्फ प्रस्ताव नं. २ हामीहरुको लागि खुसीको कुरा बनेको छ। यसरी ११ प्रतिशत नगद र ४ प्रतिशत वोनश शेयर दिईने गरी काम गर्नु हुने सबैलाई धन्यवाद रहेको छ। सन् २०२३ नेपालको पर्यटन क्षेत्रका लागि उत्साहप्रद भएको छ । एन.टि.बि. को तथ्यांक अनुसार यस वर्ष १० लाख भन्दा बढी पर्यटक नेपालमा भित्रिएका छन् । यसै परिप्रेक्ष्यमा होटलले अफ्नो भौतिक संरचनाहरुलाई समय अनुसार चुस्त पारिएको प्रतिवेदनमा उल्लेख हुन समयोचित र सापेक्ष छ । तर समग्र पर्यटन क्षेत्रका लागि प्रतिवेदनमा उल्लेख गरिएका सुझाव महत्वपूर्ण रहेको छ। त्यसको लागि निजि क्षेत्रले मात्र केही गर्न नसकिने भएकोले सरकारले समय मै त्यस्ता कुरामा ध्यान दिई काम गर्नु पर्दछ भन्ने लाग्दछ। तसर्थ पर्यटन तथा होटलहरु एवं सम्बन्धित सबैको छाता संगठन मार्फत् सरकारलाई घच्घचाउने काम गर्न सुझाव राख्दछु। यस होटलको उन्नति र प्रगति लागि काम गर्नु हुने संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।
- वित्तिय सूचांकहरु हेर्दा सबै राम्रा र स्वागतयोग्य छन् । अहिलेको होटले क्षेत्रको प्रतिस्पर्धामा पनि नाफाबाट साना ठुला सबै लगानीकर्तालाई समेटेर ११ प्रतिशत नगद लाभाशं र ४ प्रतिशत वोनश

लाभांश प्रस्ताव गर्नु भएकोमा स्वागतयोग्य छ । वार्षिक प्रतिवेदन हेर्दा बार चार्टहरु रंगिन छपाई गर्दा राम्रो हुने थियो र भविष्यमा कम्पनीले सम्पत्ति वृद्धि गर्ने अपेक्षा राखेको छु ।

**ख) कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको सम्बोधनको मुख्य अंशहरु:**

संचालक समितिको तर्फबाट यस कम्पनीको २७ औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो जिज्ञासा, प्रश्न, गुनासो, सल्लाहहरु राखी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई धेरै धन्यवाद दिन चाहन्छु ।

सन् २०१९ डिसेम्बरबाट कोरोना महामारी सुरु भएबाट यस होटलको मात्र नभई समग्र होटलहरुको व्यवसायमा नोक्सान पुगेको थियो । सन् २०२० मा यस होटललाई रु.३ करोड घाटा भएकोमा सन् २०२२ मा रु.१९ करोड मुनाफा गर्न सफल भएका छौं । त्यसै गरी सन् २०२३ मा आएर उत्कृष्ट वर्षको रुपमा रु.४० करोड मुनाफा आर्जन गर्न सकेको छौं । ५ पटक सम्म पर्यटन क्षेत्रमा सबै भन्दा बढी कर तिर्ने होटलको रुपमा नेपाल सरकारबाट पुरस्कृत समेत भई सकेको यस होटलले होटल संचालनको आम्दानी र मुनाफा अन्य होटलहरु जस्तै सोल्टी क्राउन प्लाजा, मेरियोट, रेडिसन आदि सँग दाँज्ने हो भने नम्बर १ मा यस होटल रही आएको छ । १ नम्बरको होटल कायम राख्न होटलले मर्मत तथा सुधार कार्यहरु तथा होटलको कोठाहरु पुन: निर्माण कार्य निकट भविष्यमा गर्नको लागि नक्सा तथा डिजाईन तयार गर्ने सम्झौता गरी सकेको छ भने कार्य सुचारु गरी सकेको छ । भविष्यमा प्रदेश स्तरमा पनि ३ तारे , ४ तारे होटलहरु संचालन गर्ने योजना समेत रहेको छ । तपाईहरुको साथ सहयोग प्राप्त भएमा यि योजनाहरु सफल बनाउने र यस होटललाई नेपालको नम्बर १ होटल कायमै राखी राख्ने लक्ष्य रहेको छ ।

हाम्रो काम गर्ने शिलशिलामा केहि कतै कमी कमजोरी भएको र यहाँहरुले कम्पनीको सर्वोपरी हितको लागि उठान गर्नु पर्ने विषय छ भने तपाई हामी बसेर सर-सल्लाह गरेर कमी कमजोरी सच्चाउन सक्छौ र त्यो कुरामा हामी जहिले पनि खुल्ला नै छौं ।

## (१०) निर्णयहरु :

**(क) साधारण प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु:**

**(१) साधारण प्रस्ताव नं. १ उपर छलफल तथा निर्णय:**

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९।०८० (२०२२।२०२३) को संचालक समितिको २७ औं वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

**(२) साधारण प्रस्ताव नं. २ उपर छलफल तथा निर्णय**

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७९।०८० (२०२२।२०२३) को वित्तिय विवरणहरु- वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**(३) साधारण प्रस्ताव नं. ३ उपर छलफल तथा निर्णय**

आ.व. २०८०।०८१ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुदाँ लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०८०।०८१ को लेखापरिक्षण गर्नको लागि ए.एस.आर एण्ड एसोसिएट्स, चार्टड एकाउनटेन्टस्, सानेपा ललितपुरका सि.ए. श्री अंकुश कुमार ज्यूलाई नियुक्त गर्ने र निजको पारिश्रमिक रु.३,००,०००।- (अक्षेरुपी तीन लाख मात्र)(मु.अ.कर बाहेक) तय गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

**(४) साधारण प्रस्ताव नं. ४ उपर छलफल तथा निर्णय**

कम्पनीको मिति २०८०।०८।१६(तदानुसार २ डिसेम्बर, २०२३) मा बसेको संचालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनीहरुलाई चुक्ता पूँजीको ११ % नगद लाभांश(कर सहित) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतले पारित भयो ।

**(ख)विशेष प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु:**

(१) **विशेष प्रस्ताव नं. १ उपर छलफल तथा निर्णय**

नेपाल राष्ट्र बैंकको प.सं. ए.वि.से.के./वि.वि.स/०८०/०८१ च.नं. ६२ को पत्रानुसार आगामी साधारण सभामा प्रबन्ध पत्र नियमावली संशोधन गर्नु भनी कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं. ८६७०, मिति २०८०५।८ मा निर्देशन प्राप्त भएको हुँदा नेपाल राष्ट्र बैंकको प.सं. ए.वि.से.के./वि.वि.स.ए. /०८०/०८१ च.नं. ६२ पत्र बमोजिम विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले निषेध गरेको कार्यहरु(जस्तै शेयर तथा डिवेन्चर खरीद बिक्री गर्न पाउने, आदि) समावेश भएको पाईएमा त्यस्तो कार्यहरु हटाइ कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रबन्ध पत्र संशोधन गर्न भनी निर्देशन भए बाट सोही बमोजिम यस कम्पनीको प्रबन्त्र पत्रको दफा ३.२.१५ मा "अन्य कम्पनीहरुको शेयर तथा डिवेन्चर खरीद गर्ने र यस्ता कम्पनीहरुले जारी गरेको शेयर, डिवेन्चर तथा ब्याज आर्जन हुने ईण्टर कर्पोरेट डिपोजिटहरु(Inter Corporte Deposits) एवं वित्तीय संस्थाहरुले जारी गरेका प्रमिसरी नोट तथा यस्तै अन्य लिखत (Instrument) र सरकारी संस्थाहरुले जारी गरेका ऋृण पत्रहरुमा लगानी गर्ने" व्यवस्था भएबाट सो दफा ३.२.१५ को पूरा व्यवस्था हटाउने निर्णय गरियो र नियमावलीमा अन्य कम्पनीको शेयर खरीद बिक्री गर्ने आदि जस्ता व्यवस्था नभएकोले नियमावलीमा सोसँग सम्बन्धित कुनै संशोधन गरी राख्नु नपर्ने समेत निर्णय गरियो । साथै आजैको सभाको विशेष प्रस्ताव नं. २ मो हुने विशेष निर्णय मुताबिक प्रबन्ध पत्र र नियमावलीमा आवश्यक संशोधन समेत पारित गर्ने निर्णय गरियो ।

(२) **विशेष प्रस्ताव नं. २ उपर छलफल तथा निर्णय**

कम्पनीको मिति २०८०।०८।१६(तदानुसार २ डिसेम्बर, २०२३) मा बसेको संचालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनीहरुलाई चुक्ता पूँजीको ४% वोनश शेयर (कर नगद लाभांशमा समायोजन गर्ने गरी) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतले पारित भयो । साथै उल्लेखित वोनश शेयर वापतको नियमानुसारको कर चुक्ता भए पश्चात् हाल कायम चुक्ता पूँजी रु.१,८८,६६,५४,०००।- अक्षेरेपी एक अर्ब अठासी करोड छैसठ्ठी लाख चवन्न हजार रुपैयाँमा ४% वोनश शेयर वापत रु.७,५४,६६,१६०।- अक्षेरेपी सात करोड चवन्न लाख छैसठ्ठी हजार एक सय साठी रुपैयाँ थप हुने भएकोले जम्मा चुक्ता पूँजी रु.१,९६,२१,२०,१६०।- अक्षेरेपी एक

अर्ब छयानब्बे करोड एक्काईस लाख बिस हजार एक सय साठी रुपैयाँलाई अभिलेख गर्ने प्रयोजनार्थ कम्पनीको प्रबन्ध पत्रको दफा ५.१ मा उपदफा (ज) र नियमावलीको नियम ६.१(ज) थप गरी सो चुक्ता पुँजी चुक्ता पूँजी रु. १,९६,२१,२०,१६०।- अक्षरेपी एक अर्ब छयानब्बे करोड एक्काईस लाख बिस हजार एक सय साठी रुपैयाँ उल्लेख गर्ने समेत निर्णय गरियो र सोका लागि तपशिल बमोजिम प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

**मूल नियमावलीको नियम ३.२.१५ को व्यवस्था हटाइएको छ ।**

३.२.१५ (हटाइएको)

**मूल प्रबन्ध पत्रको दफा ५.१ मा निम्न बमोजिमको ५.१(ज) राखिएको छ ।**

दफा ५.१ (ज) यस कम्पनीको चुक्ता पूँजी रु.१,९६,२१,२०,१६०।- अक्षरेपी एक अर्ब छयानब्बे करोड एक्काईस लाख बिस हजार एक सय साठी रुपैयाँ हुनेछ ।

**मूल नियमावलीको नियम ६.१ मा निम्न बमोजिमको ६.१(ज) राखिएको छ ।**

नियम ६.१ (ज) यस कम्पनीको चुक्ता पूँजी रु.१,९६,२१,२०,१६०।- अक्षरेपी एक अर्ब छयानब्बे करोड एक्काईस लाख बिस हजार एक सय साठी रुपैयाँ हुनेछ ।

**(ग) विविध प्रस्ताव** : अन्य विविध प्रस्ताव नभएको ।

## (११) धन्यवाद ज्ञापन :

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा सञ्चालकले यस सभाका सभापति कार्यकारी संचालक श्री सुरेश लाल श्रेष्ठज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो । सभाका सभापति श्री सुरेश लाल श्रेष्ठज्यूले शेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै २७ औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

**श्री विक्रम थापा**
कम्पनी सचिव

**श्री सुरेश लाल श्रेष्ठ**
कार्यकारी संचालक
तथा सभाका सभापति
मितिः २०८०।९।२४